


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १९ गते बुधबार ❑ 2 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पश्चिमाञ्चल अस्पतालको ओपिडी सेवा सञ्चालनमा आउने

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ जेठ**

सरकारले कोभिड अस्पताल बनाउने निर्णय गरेपछि सबै ओपिडी (बहिरङ्ग) सेवा बन्द भएको पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको सेवा सञ्चालनमा आउने भएको छ।

अस्पतालले सोमबार साँझ सूचना जारी गरी यही जेठ २३ गते आइतबारदेखि लागू हुने गरी कोभिड-१९ व्यवस्थापनका लागि तोकिएका स्वास्थ्यसम्बन्धी मापदण्ड अनिवार्यरूपमा पालना गर्ने गरी अस्पतालका पूर्ववत् सञ्चालन हुँदै आएका ओपिडी सेवा सञ्चालन गरिने जनाएको छ। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको गण्डकी प्रदेशको सबैभन्दा ठूलो सरकारी अस्पताल पश्चिमाञ्चल अस्पतालको सेवा बन्द भएपछि न्यून आय भएका सेवाग्राही मर्कामा परेका थिए । यस अस्पतालमा प्रदेशका ११ वटै जिल्लाबाट बिरामी उपचारका लागि आउने गरेका छन् भने अन्य अस्पतालको 'सिफारिस' अस्पतालसमेत हो।

अस्पतालका सूचना अधिकारी नारायणप्रसाद आचार्यले अस्पतालमा सञ्चालित बीमालगायतका सबै ओपिडी सेवा पूर्ववत् अवस्थामा सञ्चालन गरिने जानकारी दिनुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ का बिरामीको उपचार व्यवस्थापन गर्न निर्देशन दिएकाले जेठ ११ गतेदेखि लागू हुने गरी अस्पतालका सबै ओपिडी सेवा बन्द गरिएको थियो। पश्चिमाञ्चल अस्पतालमा हाल कोरोनाका बिरामीको उपचारका लागि ३५ आइसोलेशन शयूया, १७ आइसीयू शयूया, छ भेन्टिलेटर र २५ वटा एचडीयू शयूया सञ्चालनमा छन् । अस्पतालमा वर्षमा तीन लाख तथा दैनिक एक हजार हाराहारीमा सेवाग्राहीले बहिरङ्ग सेवा लिने गरेको अस्पतालले जनाएको छ । यसैगरी दैनिक २०० जनाले आकस्मिक स्वास्थ्य उपचार सेवा लिने गरेको बताइन्छ।

## चार महिनापछि फेवातालमा पानी चार्जींङ भयो

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ जेठ**

लगातार पानी परेका हुदाँ हाल फेवातालले आफ्नो पहिलाकै पानीको सतह कायम गरेको छ।

फेवाबाधको मर्मत पश्चात बाध बन्द गरे तालमा पानी चर्चींङ राम्रोसंग हुन नसकेको अबस्थामा लगातार ३ दिन जसो पानी परेकोले हाल ताल विगत ४ महिना अघि नै अबस्थामा फर्किएको जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय कास्कीका डिभिजन प्रमुख कीरण आचार्यले बताए।

करिब ९२ प्रतिशत रवरशिल फेर्ने देखि मर्मतको काम सकिएको बताएका उनले अहिलेकै अबस्थामा तालको बाधको पानी ९२ प्रतिशतजसो पानी नियन्त्रण भएको दाबी गरे। उनले करिब एक दशक पानीको वाहव नियन्त्रण वा थेग्न सक्ने दाबी गरे । उनले भने "हामीले गन प्रयोग गरी चर्केको भागमा मसला भर्ने (प्रेसर सिमेन्ट ग्राउटीङ) गरेका छौं, डाउनसिल साइडको लन्चिङ एप्रोन लगायतको काम सम्पन्न भएको डिभिजन प्रमुख आचार्यले जनाए।

फेवाबाध मर्मतको लागि गत माघबाट फेवातालको पानीको सतह करिब एक मिटर घटाए पछि पुनः बाध मर्मत पश्चात बाध बन्द गरे पनि ४ महिनासम्म ताल पहिलाको अबस्थामा फर्किन सकेको थिएन्। फेवातालमा अतिक्रमण र दोहोन नरोकिएकोले गर्दा तालको सूभाग बढाउने अभियान अर्न्तगत पानीको सतह बढाए पश्चात तालले आफ्नो आकार आफै लिने प्रमुख आचार्यले जनाए। अबको करिब एक साता पछि फेवाबाधबाट करिब ९९ प्रतिशत पानी चुवावट रोकिने उनले दाबी गरे।

पोखराको फेवातालको बाध करिब ३८ बर्ष पछि मर्मत मर्मत भएको हो । यस अघि बाधको रवरशिल पानीले खियाएका कारण बाधबाट पानी चुहावट भएको थियो । २०१८ सालमा पोखराको फेवातालमा भारतको सहयोगमा बाध निर्माण भएको त्यस पशचात २०२८ सालदेखि भत्कन सुरु भएको बाध २०३१ सालमा बाध फुट्न गएको आचार्यले बताए। भत्केको बाध यूएनडिपीको सहयोगमा २०३९ सालमा मर्मत भएको उनले जनाए। पानीको बहाब नियन्त्रण गर्न रबरसिल्ड र लन्चीन एप्रोन लगायतको काममा करिब दुई करोड खर्च भएको आचार्यले जनाए । फेवातालको पानीको सतह घटेको मौका छोपी केहीले फेवातालको मापदण्ड विपरित खन्ने खोर्सने र ताल नजिकै भौतिक संरचना बनाएका थिए।

गत बर्ष कार्यालयले फेवातालको बाधको अध्ययन अवलोकन सहितको प्रतिवेदन तयार गरी तत्काल बाध मर्मत गर्नु पर्ने भनी गण्डकी प्रदेश सरकारलाई राय पेश गरे बमोजिम फेवा सिंचाई प्रणाली अर्न्तगत २ करोडको टेण्डर भएको थियो। फेवातालको पानीको सतश बढेसंगै आफुहरु निकै खुसि भएको फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बुद्धिबहादुर नेपालीले बताए।

## विवेकशील साझा पार्टीका नेता थापाको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ जेठ**



विवेकशील साझा पार्टीका नेता उज्वजल थापाको मंगलबार निधन भएको छ।

कोरोना सङ्क्रमणका कारण ललितपुको मेडिसिटी अस्पतालमा उपचाररत ४४ वर्षीय नेता थापाको अन्तिम परीक्षणमा रिपोर्ट नेगेटिभ आए पनि मंगलबार अपरान्ह ४.२५ मा निधन भएको हो । उनको परिवार एवं शुभेच्छुकका तर्फबाट जारी गरिएको विज्ञप्तिमा भनिएको छ " थापाले प्रभाव पारेका जिन्दगीहरू र उनीहरूका सफलताहरू; नेपालको राजनीतिक प्रणालीको सुधार गर्न उहाँले गर्नुभएका हस्तक्षेप, युवालाई राजनीतिको मूलधारमा समावेश गर्न उहाँको उत्प्रेरणा तथा सहयोग लामो समयसम्म सम्झिइनेछ र त्यसलाई इतिहासले सकारात्मक किसिमले मूल्याङ्कन गर्नेछ भन्ने हामीलाई लागेको छ !" यसैगरी सो पार्टीका अध्यक्ष रवीन्द्र मिश्र र संयोजक मिलन पाण्डेले आज विज्ञप्ति जारी गरी थापाको १३ औं दिनको स्मृतिमा वृक्षरोपण गर्न आग्रह गरिएको छ भने थापाले दिएको राजनीतिक योगदान र संस्कारबारे छलफल सञ्चालन गरिने उल्लेख गरिएको छ।

## अर्थविद् डा थापाका निधनमा नेता एवम् बुद्धिजीवीद्वारा दुःख व्यक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ जेठ**

अर्थविद् एवं नेकपा (एमाले) अर्थ विभागका सचिव डा गोविन्दबहादुर थापाको निधनप्रति नेता एवं बुद्धिजीवीले दुख व्यक्त गरेका छन् । थापाको निमोनिया र फोक्सोको इन्फेक्सनका कारण आज बिहान गंगालाल हृदयरोग केन्द्र, काठमाडौंमा उपचारका क्रममा निधन भएको उहाँको पारिवारिक स्रोतले जनाएको छ।

परिवारका अनुसार कोरोना संक्रमण देखिएपछि एक महिनाअघि उहाँलाई अस्पताल भर्ना गरिएको थियो। तीन साताअघि कोरोनामुक्त हुनुभएका थापालाई निमोनिया र फोक्सोको इन्फेसन भएपछि पछिल्लो समय भेन्टिलेटरमा राखेर

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हिमाली सांस्कृतिक परिवारका अध्यक्ष एवं संस्कृतिकर्मी मेनकाजी गुरुङको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ जेठ**



हिमाली सांस्कृतिक परिवारका अध्यक्ष एवं संस्कृतिकर्मी मेनकाजी गुरुङको निधन भएको छ।

करिब दुई साता अघि कोरोना संक्रमण निको भई घर फर्कियका संस्कृतिकर्मी गुरुङको मुटुमा थप समसया देखा परेसंगै सोमबार फिस्टेल हस्पिटल गैह्रापाटनमा भर्ना भएका उनको उपचारकै क्रममा मंगलबार राति १:०० बजे निधन भएको उनको पारिवारीक श्रोतले जनाएको छ।

नेपाली लोक संस्कृतिको क्षेत्रमा उल्लेखनिय योगदान पुराउदै आएका गुरुङको निधनले समग्र नेपाली सांस्कृतिक क्षेत्रमा अपूर्ण क्षति भएको संस्कृतिकर्मी तिर्थ श्रेष्ठले बताए। संस्कृतिकर्मी श्रेष्ठले भने "मेनकाजीलाई मैले धेरै पहिला देखि चिन्दै आएको थिए, उहाँ मिलनसार, सांस्कृतिक क्षेत्रमा आफु मात्र संलग्न नभई अन्य धेरै व्यक्ति तथा संस्थाहरुलाई समेत प्रभाव पार्ने खुबि भएको व्यक्ति हुनुहुन्थ्यो।" डाँफेकला मन्दिरबाट आफुले गुरुङलाई चिनेको बताएका श्रेष्ठले लोकनृत्यको प्रोत्सावन गर्ने, विभिन्न जातिको कला संस्कृतिकको प्रबर्द्धन गर्न गर्ने जस्तै छ्याउु, घाँटु सोह्रठीको प्रबर्द्धन गर्न उहाँको ठुलो योगदान रहेको संस्कृतिकर्मी श्रेष्ठले बताउनु भयो । गण्डकी प्रदेश राजधानि पोखरा र यस प्रदेशका विभिन्न संघ संस्थाहरुसंगको सहकार्यमा लोक संस्कृतिको प्रबर्द्धन गर्दै आएका गुरुङले पुऱ्याएको योगदानलाई पोखरेलीले कहिले नभुल्ने श्रेष्ठले बताए । संस्कृतिकर्मी श्रेष्ठको समयमै मुटुको शल्यक्रिया गर्न नसक्दा कोरोना पछि फोक्सोमा निमोनियाको कारण निधन भएको हुन सक्ने उपचारमा संलग्न बरिष्ठ फिजिसियन डा. वसन्त ताम्राकारले बताए।

गुरुङको पहिलादेखि मुटुमा समस्या भएकोले पहिलाने शल्यकृया गर्नुपर्नेमा कोरोना संक्रमण भएसंगै कोरोना निको भए पनि कोरोनाकै कारण फोक्सोमा निमोनिया भएको हुदा उपचारकै क्रममा उनको निधन भएको उनले जनाए । गुरुङकी श्रीमती मीना गुरुङको पनि वैशाख ३० गते कोरोना संक्रमणका कारण निधन भएको थियो । पोखरा नयाँगाउँ निवासी मेनकाजीका एक छोरा र एक छोरी रहेका छन् । उनको अन्तिम दाह संस्कार गर्ने तयारी समेत गरिएको पारिवारीक श्रोतले जनाएको छ।

## गण्डकी प्रदेशमा थप ४७३ संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप २०१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । कास्कीमा १०८ जना पुरुष तथा ९३ जना महिला गरी २०१ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार १११ जनाको नमुना परीक्षण गरिएकोमा थप ४७३ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ । कास्कीका २०१ सहित म्याग्दीका १२

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विपत्मा जनतासँग जोडिन कास्की काँग्रेसले 'वीपी विपत् कोष' निर्माण गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ जेठ**


कोरोना महामारीसँगै आगामी दिनमा हुन सक्ने प्राकृतिक विपत् का बेला जनताको साथमा रहने प्रतिवद्वतासहित कास्की काँग्रेसले वीपी विपत् कोष निर्माण गर्ने भएको छ।

विभिन्न आठ चरणमा गरिएको छलफलपछि प्राप्त सुझावका आधारमा कोष निर्माण गर्न लागिएको हो । कास्की काँग्रेसका सभापति कृष्ण केसीको अध्यक्षतामा मङ्गलबार बसेको बैंठकले कोष निर्माण गर्ने निर्णय गरेको प्रवक्ता नवीन सिग्देलले जानकारी दिए।

पार्टीका सबै क्रियाशील र शुभेच्छुकसँगबाट स्वेच्छिक आर्थिक सहयोग संकलन गरी कोष निर्माण गरिने छ। कोष निर्माणको अभियानमा पार्टीका नेता तथा कार्यकर्ता, क्रियाशील सदस्य, शुभेच्छुक, समर्थक गरी २५ हजार बढी परिचालित हुने छन् । कास्की काँग्रेसका सभापति केसीले क्षेत्र, प्रदेश, गाउँपालिका, वडा कार्यसमिति, भातृ तथा शुभेच्छुक संस्था र विदेशमा रहनु भएका सबैलाई कोष निर्माणका लागि जुट्न आव्हान गर्नुभएको छ । कोषको सञ्चालन र व्यवस्थापनका लागि एउटा छुट्टै समिति बनाउने निर्णय भएको छ। विपत्का बेला कसरी जनतासँग जोडिने भन्ने विषयमा नेपाली काँग्रेस कास्कीले कास्कीका ६ वटै प्रदेश सभा निर्वाचन क्षेत्र, शुभेच्छुक तथा भातृसंस्था संस्था र उद्योग व्यवसायीसँग छलफल गरेको थियो। अहिलेको कोरोना महामारी र वर्षा मौसमयामसँगै हुन सक्ने बाढीपहिरो जस्ता घटनामा धनजनको क्षति हुँदा जनतालाई सहयोग गर्ने उद्देश्यले कोष निर्माण गर्न लागिएको प्रवक्ता सिग्देलको भनाइ छ। बैंठकले कोरोना संक्रमणपछि मृत्यु भएका अति विपन्न परिवारलाई क्रिया खर्चका लागि सहयोग गर्ने, औषधीको अभावमा रहेका दीर्घरोगीलाई औषधी सहयोग गर्ने र भदौ २४ गते वीपी जयन्तीको दिन अति विपन्न, दलित र अपाङ्गता भएका एक हजार जनालाई सहयोग गर्ने निर्णय गरेको छ। त्यस्तै, सरकारले गरेका अलोकतान्त्रिक, असंवैधानिक, अप्रजातान्त्रिक गतिविधि, अनियमिता, ढिलासुस्ती, कोरोना महामारीका बेला स्वास्थ्य सामग्रीमा भएको भ्रष्टाचार र सरकारको गैह्र जिम्मेवारी बारे जनतालाई जानकारी दिन भदौ २४ देखि असोज महिना भित्र घरघरमा पर्चा पठाउने निर्णय गरेको छ।

बैंठकले साउन ६ गते वीपी स्मृति दिवसको दिन गरिने वृक्षरोपण कार्यक्रमलाई परिष्कृत बनाउने निर्णय गरेको छ। त्यस दिन काँग्रेसका नेता तथा कार्यकर्ता, क्रियाशील सदस्य, समर्थक र शुभेच्छुकलाई आआफ्नै घरमा वर, पिपल, समी, निमपत्ताका बिरुवा रोप्न र रोपेपछि आफ्नै सामाजिक सञ्जालमार्फत् सार्वजनिक गर्न अनुरोध गरिएको छ । बैठकले पोखरा ३२ मजुवामा अव्यवस्थित रुपमा कोरोना संक्रमितको दाहसंस्कार गरिँदा दुर्गन्ध फैलिएको गुनासो स्थानीयले गरेकाले तत्काल अनुगमन गरी व्यवस्थित बनाउन माग गरेको छ। पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा अक्सिजनको अभावमा सुत्केरीसहित ६ जना बिरामीको मृत्यु भएको घटनाप्रति ध्यानाकर्षण भएको जनाउँदै यस्ता घटना नदोहोऱ्याउन चेतावनी दिएको छ । बैठकले कास्की काँग्रेसले सञ्चालन गरेको एम्बुलेन्सका लागि दुई वटा गाडी उपलब्ध गराएर सहयोग गर्ने नेपाली काँग्रेस महिला विभाग सदस्य मिलन थापा र युवा व्यवसायी ध्रुव थापाप्रति धन्यवाद ज्ञापन गरेको छ।

बैंठकले काँग्रेसका पूर्व आमन्त्रित केन्द्रीय सदस्य रामजी कुँवर काठमाण्डौंको शिक्षण अस्पताल उपचारार्थ भर्ना हुनु भएकोमा उनीसहित सम्पूर्णको शिघ्र स्वास्थ्यलाभको कामना गरेको छ।



# पोखरा अभियानको खाद्य बैंक

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ




लायन्स क्लव अफ पोखरा अभियानले खाद्य बैंक सञ्चालनमा ल्याएको छ।

एक महिननादेखि कोरोना भाइरस कोभिड-१९ को चेन ब्रेकका लागि भन्दै प्रशासनले लगाएको निषेधाज्ञाका कारण मारमा परेका वर्गहरुलाई लक्षित गर्दै खाद्य बैंक सञ्चालनमा ल्याएको क्लवका अध्यक्ष विनोद ढुंगनाले जानकारी दिए।

पोखराको चिप्लेढुंगाबाट शुरु गरिएको यो अभियानलाई अन्य क्लव तथा संघसंस्थाहरुसंग सहकार्य गर्दै पोखराका विभिन्न चोकहरुमा सञ्चालन गरिने ढुंगनाले बताए । उनले भने, ' कोभिड-१९ ले विश्वलाई चुनौती दिइरहेको परिस्थितिमा कोरोनाको चेन ब्रेकका लागि भन्दै जारी गरिएको निषेधज्ञाका कारण अलपत्र बटुवा, खाद्य अभावले अप्ठ्यारो अवस्थामा परेका परिवारलाई लक्षितगरि यो अभियान शुरु गरेकाहौं ।' बैंकमा हाल दैनिक भान्सामा प्रयोग गरिने दाल, चामल, तेल, नुनलगायतका खाद्य सामाग्री राखिएको छ।

'हुनेले दिएर जाऔं, नहुनेले लिएर जाऔं' भन्ने नारासहित शुरु गरिएको अभियानको पहिलो दिनआज ११७ जनाले सेवा लिएको कार्यक्रम संयोजक मातृका पोखरेलले जानकारी दिए । हरेक दिन बिहान ६ बजेबाट ९ बजेसम्म सञ्चालन हुने अभियानमा विभिन्न क्षेत्रबाट सहयोग आउने क्रम पनि शुरु भएको उनले बताए । क्लवका सदस्यहरुबाट संकलन भएको एक लाख २० हजारबाट शुरु गरिएको अभियानमा बिग बजार शेल्स स्टोर चिप्लेढुंगाका सञ्चालक रतन बहादुर कार्कीले ५ हजार बराबरका सामाग्री सहयोग गरेका छन् । यस्तै नवलपुरको गैंडाकोटका पुष्पराज सापकोटाले ९० हजार बराबरको ५० बोरा चामल सहयोग प्राप्तभएको कार्यक्रमका सह-संयोजक श्यामकृष्ण रेग्मीले जानकारी दिए । कोरोना भाइरस महामारीका समयमा निषेधाज्ञाका कारण आफ्नो काममा फर्कन नपाई अप्ठ्यारो अवस्थामा परेकाजो कोहीले पनि अभियानबाट सेवालिन सक्ने क्लवका चिफ पीआरओ बलरामशर्माले बताए । उनले विषम परिस्थितीमा नागरिकलाई परेको असजिलो अवस्थामा सानै भएपनि सहयोग पुग्ने हिसावले अभियानको थालनी गरिएको हुँदा यसमा सबैबाट सकरात्मक सहयोगका लागि अपेक्षा राखिएको पनि बताए । सरकारद्वारा जारी गरिएका सबै स्वास्थ्य मापदण्डको पालना गर्दै थालिएको खाद्य बैंक अभियानमा जोडिनका लागि क्लवले आह्वान समेत गरेको छ।

# गण्डकी ...

जना, स्याङ्जाका ३५ जना, बाग्लुङका ३० जना, पर्वतका ६२ जना, तनहुँका २१ जना, गोरखाका ८ जना, लमजुङका ४१ जना, नवलपुरका ६३ जना गरी प्रदेशका ९ जिल्लामा २४२ पुरुष तथा २३१ जना महिलामा कोरोना पुष्टि भएको हो । योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ४२ हजार ९९७ पुगेको छ। पछिल्लो २४ घण्टामा ६८८ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या ३१ हजार ८७९ पुगेको छ । गण्डकीमा थप १६ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ६९४ पुगेको छ।

मृतकहरु कास्की जिल्लाका ३ जना, तनहुँ जिल्लाका २ जना, स्याङ्जा जिल्लाका ३ जना, बाग्लुङ जिल्लाका १ जना, म्याग्दी जिल्लाका १ जना, पर्वत जिल्लाका १ जना, नवलपुर जिल्लाका ४ जना र रुपन्देही जिल्लाका १ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

# 'सरकारले जनतामा ऋणभार बढायो' सांसद बराल

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ




गण्डकी प्रदेश सभा सदस्य (सांसद) रामजी प्रसाद बराल जीवनले आम जनताको टाउकोमा ऋण भार बढाएर सरकारले अपाङगता, ज्येष्ठ नागरिकको भक्ता बृद्धि गर्नु उचित निर्णय नभएको बताएका छन् ।

गण्डकी प्रदेश सभाको प्रि बजेट छलफल कार्यक्रममा मंगलबार सदनमा बोल्दै सांसद बरालले आफ्ना छोरा छोरी र नाति नातिनीहरुको टाउकोमा राज्यको ऋण भार बढाएर आफुहरुको भक्ता बृद्धि गर्न माग नगरेको बताएका हुन् ।

३ बर्षको अन्तरालमा ८ खर्बको ऋणभार बढेर प्रति नेपालीको टाउकोमा ५० हजारको ऋणभार भएको अबस्थामा आत्म निर्भर हुने सिप र व्यवहारिक ज्ञान भन्दा सरकारले सस्तो लोकप्रियताको लागि असाय अपाङग र ज्येष्ठ नागरिकको भक्ता बृद्धि गरेको उनको भनाई थियो । शिक्षा र स्वास्थ्यलाई निशुल्क बनाउन सरकार लाग्नु पर्ने उनको भनाई थियो । उनले भने "प्रदेशमा सरकारले समिक्ष गरे अघि बढ्नुपर्ने अबस्था आएको छ, यसको गम्भिर समिक्ष गर्नुपर्छ, केन्द्र सरकार लाचार छ, केन्द्रको छायामा प्रदेश सरकार परेको छ ।" देश हाल दुई धुर्वमा धुर्विकरण भएको दाबी गरेका सांसद बरालले एउटा ध्रुर्व संघीय लोकतान्त्रिक सांसन प्रणाली र संविधानको रक्षा गर्न हिडेको अर्को धुर्व संविधानलाई मुर्छित पार्न र म नभई यो देश नै चल्दैन भन्दैं सेटिङमा सत्ता कब्जा गर्ने अशंवैधानिक कदम चालेको आरोप लगाए । राज्य प्रणाली अनुसारको अर्थ प्रणाली जरुरी भएको बताएका सांसद बरालले राज्य प्रणाली अझै पनि एकात्मक सोचबाट अघि बढेकोले अर्को तर्फ जनताको अपेक्षा र शहिदहरुको सपन पुरा हुन नसकेको दाबी गरे । राज्यका सासकहरु देश प्रति जवाफदेही नहुदा मुलुकमा जनअपेक्षाकृत विकास निर्माण हुन नसकेको दाबी गरेका उनले जसले गर्दा सुखि नेपाली समृद्धि नेपालको नारा नारामै सिमित हुने ठोकुवा गरे । सांसद बरालले भने "अहिलेको यो प्रदेश सरकार असंवैधानीक सरकारलाई कुनै पनि सुझाव दिन आवश्यक देख्दिन यसमा मेरो कुनै सुझाव छैन् ।"

# स्वास्थ्य प्रणालीलाई सुदृढ बनाइने

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

गण्डकी प्रदेश सरकारले कोभिड-१९ लगायत महामारीको रोकथाम, नियन्त्रण र उपचरका लागि स्वास्थ्य प्रणालीलाई सवल एवम् सुदृढ बनाउने भएको छ।

सोमबार गण्डकी प्रदेशसभाको वैठकमा आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै प्रदेशका अर्थ मन्त्री किरण गुरूङले आधारभूत स्वास्थ्य सेवामा सबैको सरल र सहज पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्न आवश्यक बजेट व्यवस्था गरिने बताउनुभयो।

होम आइसोलेशनमा पनि आवश्यक मेडिकल सेवा उपलब्ध गराउने व्यवस्था गरिने उल्लेख गर्दै उहाँले प्रदेशका सबै नागरिकको लागि कोरोना भाइरस विरूद्धको खोप उपलब्ध गराउन नेपाल सरकारसँग समन्वय गरी प्रबन्ध गरिने बताउनुभयो। कोभिड अस्पतालमा पर्याप्त अक्सिजनको व्यवस्था गरिने र कोरोना रोकथामका लागि अग्रपंक्तिमारहेरकामगर्नेस्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायत अन्य राष्ट्रसेवक कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिने सिद्धान्त र प्राथमिकतामा उल्लेख छ । कोभिडका कारण प्रभावित व्यवसायलाई जीवन्तता दिन सञ्चालित 'व्यवसाय जीवन रक्षा कोष' कार्यक्रमलाई निरन्तरता दिइने बताउँदै मन्त्री गुरूङले कोभिड-१९का कारण सहारा गुमाएका परिवारलाई रोजगारी र बालबच्चाको शिक्षा दीक्षाको आवश्यक व्यवस्था गर्ने कार्यक्रम ल्याइने जानकारी दिनुभयो।

# अर्थविद् ...

उपचार गरिएको थियो । थापाको निधनप्रति गण्डकी प्रदेशका अर्थमन्त्री किरण गुरुङले सामाजिक सञ्जालमार्फत दुःख व्यक्त गर्नुभएको छ। "यो घटनाले अवाक्, स्तब्ध र मर्माहत छु, नेपालको एउटा बौद्धिक व्यक्तित्वको अवसानले अपूरणीय क्षति पुगेको छ। तपाईंको अभाव सदैव खड्किरहनेछ । स्व गोविन्द थापाप्रति भावपूर्ण श्रद्धाञ्जलि एवम् शोकाकुल समस्त परिवाजनमा गहिरो समवेदना ।", फेसबुकमा भनिएको छ । त्यसैगरी थापाको निधनप्रति पूर्वस्वास्थ तथा जनसङ्ख्यामन्त्री खगराज अधिकारीले सामाजिक सञ्जालमार्फत देशले विद्वान् अर्थशास्त्री र आफूले असल मित्र गुमाएको जनाउनुभएको छ । वा बुद्धिजीवी तथा लेखक रामराज रेग्मीले विद्यार्थी आन्दोलनदेखि संगठन निर्माणमा सँगसँगै काम गरेका मित्र गुमाउनुपर्दा दुःख लागेको बताउनुभयो । "अर्थशास्त्रमा विशेषज्ञता हासिल गरेका र समाजवादी व्यवस्थाका पक्षधर बौद्धिक व्यत्तित्वको निधनले देशलाई नै अपूरणीय क्षति पुऱ्याएको छ", रेग्मीले भन्नुभयो । परिवर्तनका लागि निकै अग्रसर सरकारी वित्त र योजनाविज्ञ थापाको विज्ञतालाई सरकारले राम्रोसँग प्रयोग गर्न नसकेको गुनासो उहाँले गर्नुभयो । रेग्मीका अनुसार उहाँ पछिल्लो समय पार्टी एकताका पक्षमा हुनुहुन्थ्यो ।

पोखरा -८ नयाँबजारका स्थायी बासिन्दा र हाल काठमाडौंको बसुन्धरामा बस्दैआउनुभएका थापाका श्रीमती, दुई छोरा र एक छोरी छन् । उहाँ विसं २०५१ मा एमालेको नौमहिने सरकारमा अर्थमन्त्री भरतमोहन अधिकारीको आर्थिक सल्लाहकार हुनुहुन्थ्यो । पछि एमाले अर्थ तथा योजना विभाग सचिव भएर उहाँले आफ्नो जिम्मेवारी निर्वाह गर्नुभएको थियो।

नेपाल वायुसेवा निगमको अध्यक्षसमेत रहिसक्नुभएका डा थापाले अर्थ मन्त्रालयमा पटकपटक गरी छ वर्ष वरिष्ठ आर्थिक सल्लाहकारको भूमिका निर्वाह गर्नुभएको थियो।








## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# जसपामा दोहोरो कार्वाही

बैकल्पिक राजनीतिक शक्ति बन्ने भन्दै एक वर्ष अघि गठन भएको जनता समाजवादी पार्टी (जसपा)मा कारवाहीको दोहोरी चलेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीलाई विश्वासको मत दिने बेला देखि दुई धारमा देखिएको थियो। एउटै पार्टी भए पनि दुई दलको जस्तै ब्यवहार गर्दै आएका थिए। निर्वाचन आयोगमा छुट्टिन नगए पनि दोहोरो निस्कासन गरेर छुट्टिने चरणमा पुगेका छन । सोमबार महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोलाई अध्यक्ष उपेन्द्र यादव समूहले कारवाही गरेको थियो । यादव पक्षले कारवाही गरे लगत्तै ठाकुर र महतो पक्षले आफूहरुलाई निस्किासित गर्नु दुर्भाग्य र दुखत मात्र नभइ हास्यस्पद भएको बताएको छ।

उल्टै ठाकुर र महतो पक्षले उपेन्द्र यादवलाई पार्टीबाट निस्कासित गरेको जनाएको छ। महन्थसहित चारजना नेतालाई यादवपक्षले निस्कासित गरेपछि ठाकुर पक्षले उनलाई निस्कासित गर्ने निर्णय गरेको पत्र सार्वजनिक भएको छ। महन्थ पक्षले पनि यादवलाई निस्कासित गरेका जानकारी दिएका छन । 'दुवैले पार्टी फुटोस भन्ने पक्षमा थिएनौं तरअर्को पक्षले सुरुवात गरेको, त्यही भएर अर्को पक्षलाई पार्टीबाट निस्किासित गरेको विज्ञप्ति सार्वजनिक गरेका छन। लामो समयदेखि सरकारसंग मधेसीको हकअधिकारका लागि लड्दै आएका नेताहरू मधेसका माग सम्बोधन हुने बेलामा विभाजनको बाटोमा जानू विडम्बना हो। महन्तले मधेशले उठाएका माग पुरा हुन लाग्दा उपेन्द्र पक्षले व्यवधान सिर्जना गर्न पार्टी अध्यक्ष ठाकुरलाई नै निस्कासनको प्रपञ्च गरेको महन्त पक्षको भनाइ छ। '१३ वर्षदेखि एउटै माग र मुद्दाको लागि लडिरहेका नेताहरू आज तीन माग सम्बोधन हुँदा, जेलबाट साथीहरु छुटदा, मुद्दा फिर्ता हुँदा', 'नागरिकता नपाएकाले पाउने अवस्था आउदा, यसलाई स्वागत गर्नु पर्नेमा व्यवधान गरिरहनु , दुर्भाग्य हो ।' उपेन्द्र यादव पटकपटक मन्त्री हुँदा पूरा गर्न नसकेका माग, मुद्दा अहिले सम्बोधन भइरहेको महन्त पक्षको भनाइ छ। मधेसका माग र मुद्दालाई आफूले सत्ताको भरयागं मात्रै बनाउने, अहिले पुरा हुन लाग्दा पार्टी फुटाउने, उपेन्द्रको नियत रहेको आरोपमा सत्यता देखिन्छ।

यादव र बाबुराम भट्टराई पक्षको कार्यकारिणी सदस्यहरुको सोमबार बसेको बैठकले अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो, कार्यकारिणी सदस्य लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्लालाई पार्टीबाट निष्कासन गरेको थियो । पार्टी हित विपरित काम गरेको भन्दै जसपाले चार नेतालाई पार्टी सदस्यबाट निस्कासन गरेको जानकारी निर्वाचन आयोगलाई समेत दिइसकेको छ। ठाकुर पक्षले समेत निर्वाचन आयोगमा पत्र पठाएर यादव हटाएको जानकारी गराइसकेको साहले बताए । जसपा अध्यक्ष ठाकुर पक्ष केपी ओली नेतृत्वको सरकारमा जाने तयारीमा छ । अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता महतो, लक्ष्मणलाल कर्णसहितका नेताहरू प्रधानमन्त्री ओलीलाई भेट्न सोमबार बिहान बालुवाटार पुगेका थिए । ८ मन्त्री र दुई राज्यमन्त्रीसहित जसपाको ठाकुरपक्ष एक दुई दिनमै सरकारमा सहभागी हुने चर्चा चलेको बेला निस्कासनको क्रम चलेको हो।

जसपा ठाकुर पक्षले पार्टीले अघि सारेका माग सम्बोधन भएकाले ओली सरकारमा सहभागी हुने निर्णय लिएको जनाएको छ। जसपाको संसदीय दलमा ठाकुर-महतो पक्षको बहुमत छ। उनीहरुको पक्षमा २० सांसद छन् । महन्थ ठाकुरपक्षको राजपा प्रधानमन्त्रीमा ओलीलाई नै सहयोग गरेर जानुपर्ने अडानमा छ भने बाबुराम भट्टराई र उपेन्द्र यादव भने विकल्प खोज्नुपर्ने र देउवालाई सहयोग गर्नुपर्ने पक्षमा छन् । ठाकुर-महतो पक्षले प्रधानमन्त्री ओलीलाई साथ दिने निर्णय गरेसँगै जसपमा विवाद बढेको हो । तराईमा आफ्नो शक्ति देखाउन खोज्दा बैकल्पिक राजनीतिक शक्ति बन्ने यात्रामा ठेस लाग्न सक्छ। तराई मधेसमा सम्मानित महन्तलाई यादव जातिको बाहुल्य भएको अहंकारको कारण विभाजनको अवस्थामा पुऱ्याउनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : कार्यमा सफलता | मीन | : शारिरीक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# धन्न म त्यो देशमा छैन !

सुजता ढकाल



म के गर्छु यो देशमा बसेर ? यो प्रश्नको उत्तर सोच्न बाध्य मलाई कुनै मेरो क्षमतामा शंका र प्रश्न गर्ने मानिसले गरेको थिएन न देशबाट टाढा गएर कहिल्यै नफर्किने सोच बनाएको एनआरएनले जसले यो देशमा कुनै अवसरै देख्दैन । तर यो प्रश्न मलाई एउटा यस्तो देशप्रेमीले गरेको थियो जसको पुरै जीवन देशको लागि समर्पित भएर बितेको थियो र जसको चाहुरिएको छालामा पनि देशैको माटोमा बिलीन हुने प्रतिवद्धता जगजाहेर थियो । त्यो मानिस जसले आफ्नो जीवनको हरेक पल, हरेक निर्णय र आफ्ना हरेक इन्द्रियहरु देशको लागि समर्पीत गरेको थियो ।

जो बुझ्थ्यो मातृभूमी प्रतिको प्रेम र समर्पणको दायित्व र बुझाउँथ्यो घरमा आउने पाहुना देखी उसले चिया पिउने पसलेसम्मलाई । कहिलेकाँही त बीच सडकमै बसाइने उसको अदालत, देशलाई अन्यायमा पार्ने राजनीति र राजनीतिज्ञ विरुद्ध एक हुल मान्छे बटुलेर चर्को आवाजमा गरिएको बातले केस लड्थ्यो र लडाउँथ्यो । बिहान आँखा खोलेदेखी बेलुकी उसको बिरामी दिमाग र शरीरले आराम नपाउने बेलासम्म देश र राजनीतिको दिनहुँ चिन्तन, मनन र शिक्षण गर्थ्र्यो मानौँ देशको जिम्मा सबै उसैको काँधमा छ र परिवर्तन यदि जरुरी छ भने त्यो उसैको चिन्ताले मात्र परिपुर्ति हुन्छ। कहिले किताबले बेरिएर त कहिले टिभी, कहिले रेडियोको समाचारमा अल्झिएर र आआफ्नै बिचार र धाराले भरिएकाहरुहरु संग घेरिएर। उ कहिल्यै पनी देशका सामाजिक होस या राजनीतिक होस वा अन्य कुनै पक्ष, हरेक क्षणिक बात, विवाद र ज्ञानबाट उ टाढा रहनेथिएन मानौ अब उ बाच्ने अन्तिम बाहना नै त्यत्ती रह्यो । जीवनको उर्जाले भरि पुर्ण, धनले परिपुर्ण र ज्ञानले पुरीएको उमेर, उसले सबै आफ्नै मातृभूमी र देशको लागि बिताएको थीयो तर बाँकी रिटायर्ड भएपछीको खाली समयमा पनि पढेर र पढाएर बिताउँथ्यो 'देश' । लाग्थ्यो अब उस्लाइ देश बाहेक अरु केही सोच्नु नै थिएन कि सोच्ने बिषयनै केही थिएनन ? वा अब त्यही अन्तिम विषय हो जसले उसको सास केही समय अझै चलायमान राख्न सक्छ ।

हाम्रो समाजको अनुसार उसको जीवन पूर्ण थियो, सन्तानलाई आफ्नो खुट्टामा उभ्याइसकेको थियो, बाचुन्जेल खान र लाउन पुग्ने सम्पती आर्जेको थियो र सबैभन्दा महत्वपूर्ण समाजमा बस्न चाहिने अर्थहिन, देखावटी सम्मान र मर्दा 'विचरा राम्रो मान्छे थियो' भन्ने वा पर्दा बाध्यता र उसले लगाएको गुनै तिर्न भए पनि साथ दिए जस्तो गर्दीने मान्छे पनि कमाएको थियो । अनी रह्यो कुरा ज्ञानको त्यो उसँग बाडेर नसकिने थियो, त्यसैले सायद ठाउँ बढि चाहिएर ज्ञानले दिमागमा एउटा छुटै ठाउँ बनाउन खोज्दा ब्रेन ट्यूमरको बिरामी बनाएर छोडेको थियो, जसले कहिलेकाहीँ उसलाइ पागल हुने गरी र केहीले पागल भन्ने गरी सताउँथ्यो ।

सम्बन्धमा उ मेरो छिमेकी पर्थ्यो र म बस्ने ठाँउ र उसको घरको दुरी एक नजरको वा सासभरको थियो नभए एकै चीत्तको हुँदो हो। त्यसैले त उ सँग समय हुँदा र खाली हुँदा मलाइ बोलाईहाल्थ्यो र म पनि भ्याएसम्म उसँग बात गर्न पुगिहाल्थे। उसको कुरा सुन्दा लाग्थ्यो, पुरानो कुरा नयाँ समयसँगै झन कती बढि मूल्यवान हुने रहेछन । उसँग बोल्दा समय बितेको पत्तै लाग्ने थिएन, किनकि जीवनको पृष्ठभूमी र कर्ममा केही फरक भएता पनि उसको सोच र उर्जा मेरो भन्दा आधुनिक र ज्यादा लाग्थ्यो। उसको समाजलाई हेर्ने दृर्षटकोणले कुनै पनि मस्तिष्कलाई जुनैपनी समाज प्रती प्रेम बसाइदिने सामर्थ्य राख्थ्यो । उ सगरमाथाको उचाइ देखी लालीगुराँसको सुन्दरताको बयान गर्थ्र्यो, सती प्रथाको उल्लंघन देखी छोरीचेलीका लागी बनाइएको नियम सम्म सबैको सकरात्मक पाटो हेर्थ्र्यो । संसारको फोहोर पखाल्न सक्ने उसको देशमा पानी छ भन्ने कुरा गर्थ्र्यो, उसको देशको सेना देख्दा अरुको पसिना चुहीएको कल्पना गर्थ्र्यो । बाक्लो हरियो जंगल देखाउथ्यो र भन्थ्यो कती भाग्यमानी छ उ ।

हरेक कुरालाई हेर्ने उस्को तरिका निकै फरक हुन्थ्यो, र फरक हुन्थ्यो उसको सोचाई, विशाल धरातलका फराकिला सोचाइ अनी तर्क । तर उ सँग समय भने दिन गनेर टाढिँदै थियो र उ टाढिँदै थियो चिया पसलेसँग, बहस गर्ने उसका साथीहरुसँग र उ हिँड्ने र अदालत बसाउने बाटाहरुसँग । तर पनि उ मोटामोटा किताबमा र खाली पानामा कलम लिएर यसरी डुब्थ्यो मानौँ उसलाइ मृत्युको भन्दा बढि किताब नसकी जाने भय छ, कथा नसकी जाने भय छ। केही कुरा जानी नसक्दै मरेर जाने डर छ। दुर बिदेशमा बस्ने सन्तानले बोलाँउदा जान नखोज्ने उ दिनभरि बार्दलिको कुर्सिमा बसि पढेर र लेखेर तल बाटामा हिँड्ने मान्छे हेरेर अनी थाकेपछी त्यही लडेर बिताएको देख्दा लग्थ्यो मान्छेलाई ठाउँ कती कम चाहिने रहेछ आफ्नो जीवन बाँच्न सिके।

त्यसदिन पनि उ आफ्नो सानो संसार सधैं जसरी बार्दलीमा बसेर नियाल्दै थियो र त्यत्तिकैमा उसको सानो संसारको सानो फ्रेममा म पर्न पुगेछु र बोल्ने साथी नपाएको उसले मलाई सधैं जसरी बोलायो । काम खासै नभएको भएर म पनि गफीन थालेछु। जीवनमा उसको समय, साथी र यहाँसम्म कि पुग्ने ठाउँ सँगै गफ गर्ने विषय पनि कम हुँदै गएका थिए। तर त्यस दिन एक्कासी 'के हुने होला है यो देश को ?' बाट सुरु भएको थियो हाम्रो संवाद।

हुन त त्यस भन्दा पहिला पनि म सँग उसले देशका विषयमा धेरै कुरा गरेको थियो। मलाई बुझाउँदै जङ्गल देखी बाटोसम्मका बिरोधका कथा अनी दरबार हत्याकाण्ड देखी प्रजातन्त्र र लोकतन्त्रका मन्त्रहरु, कहिले कुलमान देखी रामे सम्मलाइ ओगट्ने कथा त कहिले विद्या देखी बिजुला सम्मका व्यथा । कहिले देशको लागी सहिद भएको उसको साथी अनी फेरी कहिले सत्तामा चुर भ्रष्टचार गर्ने पापी । उ सबैका कुरा गर्थ्र्यो, सबैको कथा लेख्थ्यो र सबैलाइ एकै समान देख्थ्यो 'मान्छे' समान । उसका कुरामा म कहिले ध्यान दिन्थे कहिले दिन्थिन तर आजको उसको प्रश्नमा म भिन्नता भने पक्कै महसुस गर्न सक्थे भिन्नता सोधाइमा, भिन्नता उत्तरको आसामा, अनी भिन्नता परिवेशमा ।

कहिले सकारात्मक त कहिले नकारात्मक हुने मान्छेको स्वभाव नै हो र म पनि मान्छे नै हुँ। तर उसको प्रश्नको उत्तर मैले कुन शैलीमा दिनुपर्ने थियो ? म सोच्दै थिए किनकी न म राज्यको परिस्थितिबाट अन्जान थिए न उसको समेटिएर नसमेटिने प्रश्नको उत्तरबाट। यो विषयमा म पनि गलत त अवश्य हुन सक्थे तर उत्तरहिन यो देशको विषयमा कोहि हुन सक्दैन । त्यसैले उसको सुस्ताएको शरीर, थाकेको मष्तिस्क र चिन्तित बोलीलाइ नियालेर सकारात्मक भावमा सकारात्मक शब्द बटुल्दै के थिए, उस्ले मेरो भ्रामिक अभिव्यक्ती देखेर सायद कुरा फेर्न खोज्यो तर खासै टाढा पुग्न भने सकेन र फेरी त्यही बिषयमा फरक प्रश्न सोध्यो 'के गर्ने सोच छ त यो देशमा बसेर ?' उ त्यस दिन अर्कै सुनिन्थ्यो मानौँ उसको प्रश्नले उत्तर सँगै मौनता पनि आशा गरिरहेछ, मानौँ उ भित्र धेरै कुराहरु छन र उ हिजोको जस्तो आज कुनै हालतमा छैन न उ, न उसको मनानत्र 'के गर्ने' सोच मात्र पनिको उत्तर नभएको मलाई 'यो देशमा बसेर'ले झन ठुलो मर्कामा पारी रहेको थियो, म उत्तरविहिन थिए किनकी मैले के गर्ने वा के गर्छु त्यो सबैको बारेमा सोच्न आँफुलाई समय कहिल्यै दिएकै थिइन तर मेरो परिस्थितिबाट अन्जान उ पनी पक्कै थिएन।

तर आज एक्कासी उ अर्कै लाग्न थाल्यो । पाको, शंकालु, स्मार्ट कि बिरामी?मानौँ केही कुराले उसलाई खाँदै छ भित्रभित्रै, तर मैले सोध्न भने सकिरहेकी थिइन । र त्यही सोध्न नसकेको प्रश्नको उत्तर मेरो मौनताले गर्दा उसले बिषय फेरी पनी मोड्दै, आँफैले दिन थालीसकेको रहेछ। पछी थाहा भो उसको सन्तान उसलाइ लिन आउँदै रहेछन, उतै उपचार गर्न तर उसलाई उसको आफ्नै देशमा मर्ने धोको सायद अपूरो हुने पो हो कि भन्ने पिरले खाइरहेको रहेछ। पहिलो चोटि मलाई किन उसँग बोलेछु जस्तो महसुस हुँदै थियो, सायद म स्वार्थी पनि भएकि थिए होला तर यदी कसैको दुःख कम गर्न सकिदैन भने दुःख सुन्नु मात्र कहाँ सम्मको सन्तोषको कुरा भयो र ?

त्यस दिन त्यो प्रश्न मनमा यसरी गाडीयो जसरी कुनै कापीको पानामा कलमको टुप्पो गाडीन्छ, बिस्तारै आफ्नो मसी कापीमा छोड्दै अनि शब्द बनाउँदै। र त्यो कुराले म भित्रै अर्कै मान्छे बनाउँदै थियो म भन्दा बेग्लै र भिन्न । त्यो दिन त्यही प्रश्न अरु कसैले सोधेको भए सायद मैले केही उत्तर फर्काएर बिर्सिन्थे पनि होला । तर त्यो प्रश्न यस्तो व्यक्तिले सोधेको थियो जसले आफ्नो जीवनभर सबैलाई आफ्नै देशमा बस्ने, आफ्नै देशमा मर्ने प्रेरणा दियो र देशैको लागि आफ्नो सबथोक खर्च्यो। आफ्नो उमेर, छोराछोरी, यहाँ सम्मकि आफ्नो स्वास्थ्य पनि, तर त्यो प्रश्न ?

केही दिनमै उ बाहिर जाने रहेछ त्यसैले कि अन्त्यमा सबै सँग थाकेर, आफ्नो दिमाग, आफ्नो देश, राजनीति आफ्नो समय अनि आफु आँफै ? खैर त्यो प्रश्न पनि उ सँगै उतै गयो अनी कहिल्यै फर्केर पनि आएन तर साँच्चै के गर्छु म यो देशमा बसेर ?

उ जस्तै हुन्छु देशप्रेमी ? अनी सिकाउँछु देशको पाठ अरुलाई ? तर मसँग त उ जस्तो बाँड्दै हिँड्ने ज्ञान पनि छैन न यो देश र समाजलाइ हेर्ने सकरात्मक र उर्जाशील सोच उसको जस्तै ।

उत्तरै नदिइ गएको उ उतै बिलायो, कहिल्यै नफर्किने गरेर तर उसको त्यो प्रश्नले सधैं मलाई उ आजपनी त्यही बार्दलीमा भएको महसुस गराउँछ, यहीँ भएको महसुस गराउँछ तर उत्तर मैले अझै पाएको छैन सायद यो प्रश्नको उत्तर दिने क्षमता नै म सँग छैन तर जाँउ पनि त कहाँ म उसले गरेको प्रश्नको उत्तर खोज्न ? उसले पाठ पढाएका विद्यार्थीसँग ? उ चिया खाँदै गफिने खाजा घरमा ? उसले पढ्ने पुस्तकमा कि बाटोमा बसाउने अदालतका अरु पात्रहरुसँग ? सायद उसले कोरीरहने कापीमा केही थियो तर त्यो कापी भने म सँग थिएन ।

आज पनी कोशिसको क्रम जारी छ। तर साँच्चै म के गर्छु यो देशमा बसेर? सायद गर्न सके त गर्ने धेरै कुराहरु छन, तर के गर्छु म ?

पार्टी फुटाउन हिँड्छु? जुटाउन हिँड्छु? अन्यायमा परेकालाइ न्याय दिलाउन हिँड्छु ? देशको लथालिङ्ग राजनीति बटुल्न हिँड्छु कि देशलाइ सही बाटो देखाउन हिँड्छु? फेरी न्यायको लागि बोले भने कतै म पनि मदन भण्डारी बन्नेपो हुँ कि ? राजा नभए पनि मेरो परिवारको दशा दरबार हत्याकाण्डको जस्तो पो होलाकि ? मेरी बहिनी निर्मला पन्त हुने त हैन कतै ? कि भाइ भोली खराब राजनीतिको सिकार बनेको देख्नुपर्ला?

थाहा त आजको दिन सम्म पनि हुँदैन, कि भोली के हुन्छ ? कहिले कहाँ के कसरी र किन हुन्छ? कतै महामारीका कारण बेड र अक्सीजन नपाएर मर्छु कि ? आदर्श मिश्राका बाबुजस्तै उपचार नपाएर? थाहा छैन ३ बर्ष देखी एकै कक्षामा अड्कीएर करियरै छोडीदिन्छु की ? पढेर जागीरै खान्छु ? फेरी जागीर पनी त के खाउला ? कसले दिन्छ मलाइ जागीर न ठाँउमा आफ्ना मान्छे न घुस खुवाउन पैसा।

त्यसपछि उसको प्रश्न छोटो लागेको थियो र एक्कासी सुन्दा अर्थहीन तर प्रश्न कती जटील रहेछ त्यो आज हरबखत उत्तर खोज्दा ज्ञात हुन्छ। प्रत्येक आज, खोज्छु खोजीरहन्छु तर हारे भने उत्तर खोज्न ? अनी त्यसपछी ?

सायद त्यसपछि सोध्छु अरुलाई म पनी उ बनेर। सायद उ भन्दा धेरै भिन्न भएर किनकि मसंग उसको जस्तो ज्ञान छैन, कुनै पनि कुरामा बहस गर्न सक्ने हिम्मत र उ जस्तो बन्ने प्रेरणा पनी ।

तर अझै अरु कतीले उ जस्तै प्रश्न गर्ने वातावरण सृजना हुन्छ ? अझै कती सतीले सरापेको देश भन्दै न्यायको घाँटी निमोठीरहन्छन ? अझै कती महामारी भन्दै घर भित्र बसाइन्छ, अनि महामारीले समाते पछी उपचार पाए उपचारमा लाग्ने खर्चले मारीन्छन जनता ? अनी नसमाते भोकमरी र सोकमरीले ? कती खान नपाएर मर्दैछन, कती उपचार नपाएर गल्दैछन र कती न्यायको लागी लड्दै छन ? तर फेरी उत्तर दिन्छ पनी त कसले ?

किनकी उत्तर दिने मान्छे त हिजोआज आफ्नै हिसाबमा ब्यस्त छन, अमुक भएर बसेका छ्न, भ्याक्सिन ल्याउँदा पाइने कमिसनको हिसाब, चुनावमा लाग्ने खर्चको हिसाब, भोटको हिसाब र जितेपछी गर्ने भ्रष्टचारको हिसाबमा ।

तर उसको प्रश्नको उत्तर भने मैले दिन सकिन । उसंग म हारेँ, तर म भन्दा बढि उ हारेको थियो आफ्नै देशप्रेमको भावसँग, आफ्नै देशसँग ।

उ ? उ त केबल एक पात्र मात्र थियो, नामविहिन पात्र तर उ हामी धेरैको दिमागमा बस्ने देशभक्त पनी थियो, देशप्रेमी थियो । हामी भित्रको देश प्रतीको दायित्त्व बुझाइदिने सोच थियो, जुन एउटा त्यस्तै प्रश्नसँग हराएर गयो । जुन बाहिरि देशको दशा सँग डराएर गयो। र एकदिन त्यसै गरी तिमीलाइ प्रश्नको उत्तर सोच्न लगाएर, प्रश्न सोध्न सक्ने बनाएर तिमीलाइ पनी छोडेर जान्छ। ज्ञान सबै छोडेर, किनकी ज्ञानको भोकालाइ के अर्थ ? गरिबलाइ के थाहा ज्ञानले कसरी पेट भर्छ ? अस्पतालमा मृत्यु कुरेकालाइ के थाहा ज्ञानले कसरी औषधीको काम गर्छ ?

न कुर्सीमा बस्नेलाइ थाहा छ ज्ञान भए कुर्सी बढाउन मिल्छ, घटाउन मिल्छ अनी अडाउन पनी तर के अर्थ यो सबैको ?

सकरात्मक सोच र विचारले मात्र उ र म बाँच्न सक्ने रहेनछौ र देशप्रेम मात्रले पनि हामीलाइ जीवीत बनाउन सक्दो रहेनछ। किनकि हरेकको भाग्य र बल सत्तामा पुग्ने हुँदैन, हरेकलाइ उ जस्तै राजनीति र देशको ज्ञान बाड्ने मन हुँदैन। धेरै हुन्छन देशसँग हारेका, देशको प्रेम मात्रले खान नदिएर खाडी भासीएका, अझै धेरै हुन्छन न्यायको लागी गुहार माग्दामाग्दै आफु र आफ्ना गुमाएका। तर ती सबै तमाम मान्छेमा पनी उ हुन्छ। नेपालमा पढ्न मन नलागेर विदेश पस्ने युवामा पनी उ देख्छु म, अनी बाटामा मागेर भोक टार्नेमा पनी तर ? उनीहरु भित्र बसेको उसले देश चलाउन त सक्दैन । यदी चल्थ्यो भने किन खाडी पस्थे म ? किन माइतीघर मन्डलामा हुने धर्नामा दिनरात बस्थे म ? किन एक छाक भात बाँड्न आउनेको बाटो कुर्थे म? किन उ र म सबै बाट थाकेर देशै बाट टाढा भाग्थ्यौँ र भन्थ्यौँ, 'धन्न म त्यो देशमा छैन!'

-लेखिका लेक सिटी कलेज एण्ड रसिर्च सेण्टरमा विए प्रथम वर्षमा अध्ययनरत छिन् ।


## मादी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा,कास्की, गण्डकी प्रदेश नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

प्रकाशित मिति :२०७८/०२/१९

**यस कार्यालयको मिति २०७७/०१/२८ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दोस्रो पटकको सूचना अनुसार निम्न कार्यको लागी बिद्युतिय सिलबन्दी दरभाउपत्र आह्वान भई तोकिएको म्यादभित्र** E–bidding **मार्फत दर्ता हुन आएका दरभाउपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित तथा सारभुत रूपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

तपसिलः

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू. (मु.अ.क.बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 63/MRM/G/SQ/2077/78 | The Procurement of Tunnel Plastic for Madi Rural Municipality | KEDIA CONSTRUCTION HOUSE Munalpath West, Biratnagar –5, Morang | 876,375.00 | |

प्रमुख प्रशासकीय अधिकृत

## प्रतिरक्षात्मक क्षमता बढाउन नृत्य र योगाभ्यास

**पोखरापत्र संवाददाता**
**बलेवा, १८ जेठ**

तारखोला गाउँपालिकाले बनाएको अस्थायी कोभिड अस्पतालमा बेलाबेलामा गीत घन्किन्छ। कतिबेला चिच्याएको सुनिन्छ भने कतिबेला अस्पताल शान्त रहन्छ । अहिले पनि अस्पतालमा १२ जना कोरोना सङ्क्रमितको उपचार भइरहेको छ । अस्पतालको नजिकै पुग्दा लाग्छ यहाँ कुनै उत्सव चलिरहेको छ।

बिरामी र स्वास्थ्यकर्मीसँगै नृत्य गर्छन्, सँगै चिच्याउँछन् र सँगै शान्त हुन्छन् । कुनै उत्सव वा भैभगडा चलेर यहाँ यस्तो भएको भने होइन । अस्पतालमा खटिएका स्वास्थ्यकर्मीलाई जानकारी छ ‘ आत्मबल बढाउन सके रोगसँग लड्न सकिन्छ ।’ त्यसैले उनीहरूले कहिले पञ्चेबाजाका गीत लगाएर बिरामीलाई नाच्न लगाउँछन् त कहिले योगाभ्यास गराउँछन् ।

कोरोनाका बिरामीका लागि योग महत्वपूर्ण हुन्छ । मनोरञ्जन र शरीरमा उत्साह भर्ने क्रियाकलापले उनीहरूको शरीरलाई फुर्ती तुल्याउने तारखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख उदीत थापा बताउनुहुन्छ। अस्पतालमा सङ्गीतको राम्रोव्यवस्थामिलाइएकोछ।बिरामीको रोजाइअनुसारका गीत बजाउने जिम्मेवारी भने स्वास्थ्यकर्मीको हो ।

“एलोपेथिक र आयुर्वेदिक औषधि सबैको प्रयोग स्वास्थ्यकर्मीले प्रोटोकलअनुसार गरिरहनुभएको छ”, थापा भन्नुहुन्छ, “अहिलेसम्म यहाँबाट बिरामी बाहिर पठाउन परेको छैन, उहाँहरू जान पनि मान्नुहुन्न ।” योग, ध्यान र व्यायामले बिरामीलाई रोगसँग लड्ने प्रतिरक्षात्मक क्षमता विकास गर्न सहयोग गरेको थापाले बताउनुभयो । आयुर्वेदिक पद्धति, योग, ध्यान र बिरामीले खाने खानाले पनि उनीहरूको प्रतिरक्षात्मक क्षमता बढाउन सहयोग गरेको उहाँले जानकारी गराउनुभयो । गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयले कोरोना महामारीबारे सचेतना जगाउन धौलागिरि आयुर्वेद औषधालयलाई जिम्मेवारी दिएपछि औषधालयले रोकथाम, नियन्त्रण र सङ्क्रमितको उपचारमा आयुर्वेद चिकित्साको उपयोगिता विषयक छलफल शुरु गरेको छ । छलफलमा सहभागीले आयुर्वेदिक औषधिको प्रयोगले बिरामीको उपचारमा सहज भएको बताए । बरेङ गाउँपालिकाले निर्माण गरेको अस्थायी कोभिड अस्पतालमा प्रमुख चिकित्सकको जिम्मेवारी डा लक्ष्मी पन्थीले सम्हाल्नुभएको छ । पन्थीका अनुसार बरेङमा पनि तारखोलामा जस्तै व्यायाम, आयुर्वेदिक औषधि र योग तथा मनोरञ्जनको व्यवस्थापन गरिएको छ । “हामीले शारीरिक अभ्यास गराउने, वाफ लिने, आयुर क्वाथ र त्रिफला चूर्णको प्रयोग गरेका छौँ, जसको नतिजा राम्रो आयो”, पन्थी भन्नुहुन्छ,“स्वास्थ्यकर्मी नै कोभिड हुँदा गरिएको प्रयोगबाट नतिजा राम्रो भएपछि अहिले सबैलाई त्यसै गरेका छौँ ।” बरेङको अस्पतालमा भर्ना भएका बिरामीलाई दिनमा एक पटक आयुर क्वाथ दिने गरिएको छ । “मनोबल र प्रतिरक्षा प्रणाली सुदृढ होस् भन्ने गरी साथीहरू काम गरिरहनुभएको छ”, धौलागिरि आयुर्वेद औषधालयका प्रमुख डा सरोजकुमार रायले भन्नुभयो,“योग र औषधिले क्षमता विकासमा सहयोग गरेको पाइयो ।” भर्चुअल छलफलमा सहभागी भएका स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौले कारोना रोकथाम तथा नियन्त्रणका लागि धेरै प्रयास भएको बताउनुभयो । स्वास्थ्य मन्त्रालयले योगाभ्यासलाई रोगसँग लड्ने क्षमता विकास गर्ने विधि भनेकाले होम आइसोलेशनमा समेत योगाभ्यास गर्न सुझाव दिनुभयो ।

## अस्पतालमै अक्सिजन उत्पादन

**पोखरापत्र संवाददाता**
**लमजुङ, १८ जेठ**

लमजुङ जिल्ला अस्पतालको आइसोलेसनमा रहेको कोरोना सङ्क्रमित बिरामीलाई अस्पतालमै स्थापना गरिएको प्लान्टबाट उत्पादित अक्सिजन दिन थालिएको छ।

जेठ ८ गते स्थापना गरिएको प्लान्टबाट सङ्क्रमितहरूलाई अक्सिजन दिन शुरु गरेको अस्पतालका प्रमुख हेमन्त श्रेष्ठले बताउनुभयो।

उहाँका अनुसार अस्पतालमा निर्माण गरिएको अक्सिजन सहितको २५ शय्यामा हाल १९ कोरोना सङ्क्रमित अन्य तीन बिरामी छन्।

यो प्लान्ट जडानसँगै यस अघि दैनिक ३०/३२ वटा अक्सिजन भर्न पोखरा जानुपर्ने अवस्थामा कमी आएको छ। अब अपुग दैनिक १५/१६ वटा सिलिण्डर अक्सिजन पोखराबाट ल्याए पुग्ने छ।

उत्पादित अक्सिजन पाइपलाइनमार्फत इमर्जेन्सी, आइसियु, आइसोलेसन, अन्तरङ्ग (वार्ड) र प्रसूति वार्डमा पठाउने साथै अस्पतालका ८३ शय्यामा नै जोडिने छ। हाल कोरोना सङ्क्रमितका लागि मात्र सो अक्सिजन प्रयोग गर्ने अस्पताल प्रमुख श्रेष्ठले बताउनुभयो। सो प्लान्ट गण्डकी प्रदेश सरकारको ५५ लाख रूपैयाँमा ओटु कन्सर्नलाई खरिद जिम्मा दिएर ल्याइएको थियो। प्लान्ट स्थापना गर्ने घर साढे ८ लाख रूपैयाँमा प्रदेश सरकारकै लगानीमा निर्माण भएको छ।

प्रदेश सरकारले अक्सिजन प्लान्ट निर्माणका लागि गत मङ्सिर महिनामा रु ७५ लाख पठाएकोमा सो सामग्री र घर गरेर साढे ६३ लाख रूपैयाँ मात्र खर्च भएको स्वास्थ्य कार्यालय लमजुङले जनाएको छ।

## पहिराले स्वास्थ्यचौकी उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
**गलकोट, १८ जेठ**

बागलुङ नगरपालिका-८ सिगानाको स्वास्थ्य चौकी पहिराको उच्च जोखिममा परेको छ । निरन्तरको वर्षात्का कारण स्वास्थ्यचौकी भवन मुनी पहिरो गएका कारण स्वास्थ्यचौकी भवन जोखिममा परेको छ भने लामिचौर हुँदै बौडैचौर चापाखर्क जाने सकड बन्द भएको छ।

दुई वर्ष पहिला निर्माण भएको उक्त स्वास्थ्य चौकीको नयाँ भवन मुनि गत वर्ष पहिरो जाँदा भवन चर्किएको थियो । लगातारको चार दिन परेको वर्षाका कारण पहिरो बढेर स्वास्थ्य चौकीमुनीको सडकसमेत बन्द गरेको स्वास्थ्य चौकी इन्चार्ज विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो। पहरोको उच्च जोखिममा रहेर भवनसमेत चर्केको अवस्थामा उपचार सेवासमेत प्रभावित हुनसक्ने उहाँको भनाइ छ। बागलुङ नगरपालिकादेखि लामाचौर हुँदै बौडैचौर जाने सडकको घुम्तीदेखि पहिरो गएका कारण स्वास्थ्य चौकी पूर्ण खतरामा रहेको र सडकसमेतको विकल्प खोज्नुपर्ने अवस्था छ । “स्वास्थ्य चौकीको खानेपानी ट्याङ्की गत वर्ष नै भासिएको थियो, अहिले त झन पहिरो बढेर सडकसमेत पुरेको छ, भवनको केही भाग चर्किएको छ”, शर्माले भन्नुभयो, “भवन निर्माण गर्दा उपयुक्त जग्गा छनोट नभएका कारण र अव्यवस्थित सडकका कारण स्वास्थ्यचौकी पहिरोको जोखिममा परेको छ ।” तत्कालै पहिरोको विषयमा बागलुङ नगरपालिकालाई जानकारी गराएपछि नगरप्रमुख जनकराज पौडेलले सोमबार जोखिममा रहेको स्वास्थ्य चौकीको अवलोकन गर्नुभएको थियो।

नगरप्रमुख पौडेलले ततलै सडकबाट ग्याविन राखेर सडक खुलाउने र स्वास्थ्यचौकीको पहिरो रोकथाम गर्ने प्रतिवद्धता जनाउनुभएको छ । तत्कालै समस्याको समाधानतर्फ नलाग्ने हो भने स्वास्थ्य चौकी विस्थापित हुने खतरा भएको स्थानीयको गुनासो छ। स्वास्थ्य चौकीको अग्रभागको ढलान छिया-छिया भएर चर्किएको छ। भवनको कम्पाउण्ड भत्किएको छ। झण्डै एक करोड ८२ लाखको लागतमा निर्माण गरिएको उक्त भवन दुई वर्षमै जोखिममा पर्नु पूर्वसावधानी नअपनाउँदा भएको स्थानीयको भनाइ छ। सरकारले भवन निर्माण गर्न बजेट दिए पनि उपयुक्त जग्गा व्यवस्थापन नभई दाताको जग्गामा भवन निर्माण गर्दा जोखिममा परेको बागलुङ नगरपालिका-८ का वडाअध्यक्ष राजन जिसीले जानकारी दिनुभयो।

झण्डै २५० मिटर तलबाट निरन्तर पहिरो बगिरहेको छ । पहिराले स्वास्थ्य चौकी मुनीका तीन घरसमेत उच्च जोखिममा पारेको छ। पहिरोका कारण स्वास्थ्य चौकी मुनीका घरमा निरन्तर ढुङ्गा खसिरहेका छन्। पहिरो तत्काल रोकथामका लागि नगरपालिकाले पहलकदमी थालेको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो।

## निषेधाज्ञाका बीच सुरक्षित प्रसूति सेवा लिँदै

**पोखरापत्र संवाददाता**
**लमजुङ, १८ जेठ**

निषेधाज्ञा र कोरोना सङ्क्रमण फैलिरहेको बेला लमजुङमा सुरक्षित प्रसूति सेवा लिनेहरूमा भने कुनै कमी आएको छैन । जिल्लामा निषेधाज्ञा जारी भएयता करीब २० दिनको अवधिमा जिल्ला अस्पतालमा हालसम्म ४५ जनाले सुरक्षित प्रसूति सेवा लिएको अस्पतालले जनाएको छ।

अस्पताल प्रमुख हेमन्त श्रेष्ठका अनुसार सुरक्षित प्रसूति सेवा लिनेमध्ये एक जनाको जटिल किसिमको प्रसूति सेवा, आठ जनाको शल्यक्रिया र ३७ जनाको सामान्य प्रसुति सेवा लिएका थिए । सङ्क्रमणको जोखिम बढिरहेका बेला समेत यहाँ प्रसूति सेवा लिन आउनेको भने कुनै कमी नआएको अस्पताल प्रमुख श्रेष्ठको भनाइ छ।

उहाँले भन्नुभयो, “यहाँ दैनिकजसो दुई/तीन जना महिला सुरक्षित प्रसूति सेवा लिन आइरहेका छन् । यस अस्पतालमै कोरोना सङ्क्रमितहरू राखिँदै आएतापनि सङ्क्रमणको डर नमानी उनीहरू सुरक्षित प्रसूति सेवाकै लागि अस्तालसम्म आउने गरेका छन् ।” सङ्क्रमणका कारण निषेधाज्ञा जारी भएयता अस्पतालको बहिरङ्ग र अन्तरङ्ग सेवामा भने कमी आएको अस्पतालले जनाएको छ। अस्पतालका अनुसार अन्य जटिल शल्यक्रिया २३, मध्यम दुई र सामान्य ४१ जनाले सेवा लिएका छन्।

## कोरोनाबाट मृत्यु हुनेको परिवारलाई १५ हजार

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ जेठ**

तनहुँको म्याग्दे गाउँपालिकाले कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको परिवारलाई रु १५ हजार सहयोग गर्ने निर्णय गरेको छ।

गाउँ कार्यपालिकाको सोमबार बसेको बैठकले कोरोना सङ्क्रमणबाट मृत्यु भएकाको परिवारलाई राहतस्वरूप उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो। त्यसका लागि जनप्रतिनिधि र कर्मचारीले दुई दिनको तलब सहयोग गर्ने र बाँकी कोभिड कोषबाट बेहोर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । कोरोनाबाट मृत्यु भएका परिवारलाई राहत प्रदान गर्ने निर्णय गर्ने म्याग्दे जिल्लाको दोस्रो पालिका हो।


# Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
### Phedikhola, Syangja
### Gandaki Province, Nepal

**Invitation of Sealed Quotation for the Procurement of Ambulance**

**Second Date of Publication: 02-06-2021**

1. The Phedikhola Rural Municipality, Phedikhola, Syangja has allocated funds to cover eligible payment under the Contract for Procurement of Supply and Installation of 4 WD Right Hand Drive model Ambulance with 4 Stroke water cooled diesel Engine to the Phedikhola Rural Municipality (in Customs exemption or Free of Customs Process), Contract ID:PRM-G-SQ-PV-71-077-78 under IFB NO.: 24/077/78/PRM. Bidding is open to all eligible Nepalese Bidders. The Estimated Cost of the Vehicle is NRs. 1,429,500.00 (Including VAT and PS but without Customs charge).
2. The Phedikhola Rural Municipality invites sealed and or electronic bids from eligible bidders for the procurement of Supply and Installation of 4 WD Right Hand Drive model Ambulance with 4 Stroke water cooled diesel Engine to the Phedikhola Rural Municipality (in Customs exemption or Free of Customs Process) under Contract ID:PRM-G-SQ-PV-71-077-78 under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding/Sealed Quotation Documents at the office of Rural Municipal Executive,Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the Office ofRural Municipal Executive,Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 1000.00 till 16-06-2021 during office hours.
   Or
   A complete set of Bidding Documents may be downloaded from PPMO egp system websitewww.bolpatra.gov.np/eg. In e-submission, bidder should deposit cost of bid documents (non-refundable fee of NRs. 1000.00)in following bank account and scanned copy (in PDF Format) of Voucher should be uploaded at the time of bid submission. Information for cost of bid document:
   Name of the Bank: Prime Bank Ltd. ,Phedikhola, Syangja, Name of the Office:Phedikhola Rural Municipality, Account Name: Aantarik Rajashwa Khata of Phedikhola Rural Municipality, Account No.: 06500308CA
5. Sealed or Electronic bids must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 17-06-2021 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17-06-2021 12:15hours at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.36,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. Bidder should submit the brochure, manuals of the vehicle which wants to supply mentioning a)Make, b)Model, c)Countryoforigin, d) Main Features of proposed vehicle.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



Provincial Government
Ministry of Physical Infrastructure Development
**Water Supply, Water Resources and Irrigation Development Sub Division Office, Mustang**
Gandaki Province, Nepal

**Invitation for Sealed Quotation**

**Invitation First date of Publication : 02 June 2021 (2078/02/19)**

1. Water Supply, Water Resources and Irrigation Development Sub Division Office, Mustang invites following sealed quotation (SQ) for the eligible national bidders for the procurement of goods of following contract.

| S.N | Contract No. | Descriptions of Works | Bid Security Amount (NRs) | Price of Bidding Documents (NRs) | Estimated Amount (With VAT) NRs. | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | WSWRISDO/Mustang/G/SQ-07/077/78 | Supply and delivery of HDPE pipe for Mustang District | 50,000.00 | 1,000 | 1,928,053.29 | 17 June, 2021, 12:00 hrs |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply, Water Resource and Irrigation Development Sub Division, Mustang. Telephone 069-440393, email doi.mustang@gmail.com or may visit PPMO website: www.bolpatra.gov.np/egp.

**Sub Division Chief**